JAPAN LEGAL SUPPORT CENTER

ネパール語
अक्टोबर, 2020 मा सिर्जना गरिएको

# COVID-19 प्रकोप सम्बन्धित कानूनी सरोकारहरूको प्रश्नोत्तर

यदि तपाईं कानूनी समस्याहरू बारे चिन्तित हुनुहुन्छ भने
कृपया Houterasu मा फोन गर्न
नहिच्किचाउनुहोला

## Houterasu बहुभाषीय सूचना सेवा

## 0570−078377

कार्यालय सेवा दिनहरूमा (वर्षको अन्त र नयाँ बर्षको बिदाहरू बाहेक) बिहान 9 बजेदेखि साँझ 5 बेजसम्म
दोभाषेले तपाईंले रुचाएको Houterasu कार्यालयमा तपाईंको सम्पर्क गराउनेछ र तपाईंको लागि अनुवाद गर्नेछ ।

◆समर्थित भाषाहरू◆
अङ्ग्रेजी, चिनियाँ, कोरियाली, स्पेनिश, पोर्चुगाली, भियतनामी
तागालग, नेपाली, थाई, इन्डोनेसियन

- कल शुल्कहरू तपाईंले प्रयोग गरिरहेको फोनको प्रकार, करार र दूरीमा आधारित हुन्छ ।
- यो नम्बरमा विदेशीबाट सम्पर्क सकिँदैन ।
- जनवरी, 2021 को सुरुवातबाट इन्डोनेसियन भाषा सहायता उपलब्ध हुनेछ ।

कानूनी सहायता केन्द्र, जापान (Houterasu)
राष्ट्रिय सार्वजनिक निगम
थप जानकारीको लागि कृपया Houterasu को वेबसाइटमा हेर्नुहोला ।
https://www.houterasu.or.jp/en/index.html

## मैले आफ्नो जागिर गुमाउँदा र आफैमा हराइरहेको बेलामा एकजना साथीले मलाई एउटा विज्ञापन देखाउनु भयो, जुनमा “अग्रिम रूपमा तलब सापट लिन सकिन्छ” भन्ने दाबी गरेको थियो । जापानी वाक्यमा स्पष्टताका साथ “ऋण दिने व्यवसायी होइन्” भनेर उल्लेख गरिएको छ । के मैले त्यहाँबाट हाल जीवनयापन खर्चको लागि ऋण लिँदा समस्यापूर्ण हुनेछ ?

धेरै बेइमान व्यवसायी/बिक्रेताहरू भएकाले ऋण लिनु खतरापूर्ण हुनेछ । COVID-19 को कारण भएको अशान्तिबाट लाभ उठाउने ऋणदाताहरूको रूपमा दर्ता नभएका, उच्च ब्याज लिने ऋणदाताहरूको बारेमा रिपोर्ट गरिएका छन् । खबर अनुसार ऋणदाताहरूले मानिसहरूलाई “अग्रिम ऋण, ऋण होईन”, अर्थात “तलब फ्याक्टरिङ” उपलब्ध गराउने दाबी गर्दै पनि फसाइएका रिपोर्टहरू छन् ।

यी बिक्रेताहरूबाट ऋण लिनाले पहिलो ऋणको ब्याज भुक्तानी गर्नको लागि अन्य उच्च ब्याज दरका बिक्रेताहरूबाट पनि ऋण लिनुपर्ने अनैतिक चक्रमा द्रुत रूपमा पुर्‍याउँछन् ।

यदि तपाईं जीवनयापन खर्च जुटाउनका लागि संघर्ष गर्दै हुनुहुन्छ भने, कृपया आफ्नो नजिकमा रहेको नगरपालिका कार्यालयमा सम्पर्क गर्नुहोला ।

## COVID-19 प्रकोपका प्रभावहरूले गर्दा मैले महिनाको बहाल तिर्न असक्ष भएँ । के मैले तुरुन्तै बहालमा बसेको ठाउँ खाली गर्नुपर्छ ?

बहाल नबुझाउँदैमा लिजदाता (लेस्सर) र लिज प्राप्तकर्ता (लेस्सी) बीचको विश्वासको सम्बन्ध टुटेको छैन भने लिज करार रद्द हुँदैन । सामान्यतया तीन महिना वा सोभन्दा बढीसम्म बहाल नबुझाउँदा विश्वासको सम्बन्ध टुटेको सरह बुझिन्छ ।

त्यसकारण एकपटक बहाल बुझाउन नसकिँदैमा आफ्नो ठाउँ खाली गर्न आवश्यक पर्दैन । बहाल बुझाउन नसकिँने अवस्थामा तुरुन्तै खाली गर्नुपर्ने विशेष करार भए तापनि यस करारलाई अमान्य ठहर गर्न सकिन्छ ।

थप जानकारीको लागि कृपया वकील वा लेखनदास जस्ता विशेषज्ञसँग परामर्श लिनुहोला ।

## मैले विवाहको योजना बनाइरहेको थिए तर COVID-19 प्रकोपका प्रभावहरूले गर्दा रद्द गर्ने निर्णय गरें । विवाह समारोह आयोजना गर्न गइरहेको होटलले रद्द गरेकोमा उच्च शुल्क लगायो । के मैले यो भुक्तानी गर्नुपर्छ ?

सामान्य नियम अनुसार रद्द शुल्कको रकम सम्बन्धित पक्षहरू बीचको करार सम्झौता (शर्त तथा नियमहरू) को प्रावधान भित्र पर्दछ ।

यद्यपि, करार सम्झौता (शर्त तथा नियमहरू) ले रद्द शुल्क माग गरेपनि, यदि माग गेरको रद्द शुल्क रकम सोही प्रकारका व्यवसायका औसत क्षतिहरू (औसत क्षति) भन्दा बढी भयो भने औसत क्षतिभन्दा बढी भएको रकम भुक्तानी गर्न आवश्यक हुँदैन । यस “औसत क्षति” रकम भनेको रद्द गर्नुको कारण, रद्द गरेको समय, करारको विशेषता, तयारी लागत वा अनुमानित फाइदा र करार परिवर्तन वा हेरफेर गर्ने सम्भावना जस्ता कुराहरूलाई ध्यानमा राखी करारको प्रकार अनुसार विस्तारमा निर्धारित गरिनेछ ।

यसका साथै, केही होटलहरूले COVID-19 प्रकोपको प्रभावका कारणले रद्द हुँदा लचिलो तरिकाले प्रतिक्रिया जनाइरहेको देखिन्छ, जस्तै रद्द शुल्कलाई वास्तविक लागत बराबरको रकममा सीमित गर्ने ।

थप जानकारीको लागि कृपया उपभोक्ता मामिला केन्द्र वा वकील आदि विशेषज्ञसँग परामर्श लिनुहोला ।

## COVID-19 प्रकोपको प्रभावले गर्दा अचानक मेरो आय आर्जन घटेको हुनाले बिजुली महसुल आदि भुक्तानी गर्न गाह्रो भएको छ ।

विद्युत कम्पनी, ग्यास कम्पनी, मोबाइल फोन कम्पनी तथा बीमा कम्पनीहरू (जीवन बीमा, सामान्य बीमा) ले COVID-19 प्रकोपका प्रभावहरूको कारणले गर्दा आय आर्जन घटेका उपभोक्ता/बिमितहरूका लागि शुल्क भुक्तानी आदि स्थगित गर्न उपायहरू ल्याएका छन् ।

भुक्तानी स्थगन उपायहरू उपलब्ध छन्, स्थगनको लागि आफू योग्य छ र स्थगन अवधि कति समयसम्म हुन्छ भन्ने जस्ता थप विवरणहरूको लागि कृपया सम्बन्धित प्रतिनिधिलाई सोध्नुहोला ।

## म एक करार कर्मचारीको रूपमा काम गर्छु । एक दिन कम्पनीले मलाई “हाम्रो व्यवसाय COVID-19 प्रकोपका प्रभावहरूको कारणले गर्दा फुटपाथमा आएकोले, तपाईंसँगको करार नवीकरण गर्न सक्षम छैनौं” भनेर बतायो । मैले करार नवीकरण गरेर लामो समयसम्म सोही कम्पनीमा काम गर्ने योजना बनाइरहेको थिएँ । के कम्पनीको उक्त वक्तव्य स्वीकार गर्नु नै मेरो एक मात्र विकल्प हुनेछ ?

निश्चित रोजगार अवधि (निश्चित समय अवधिको रोजगारी करार) भएको श्रम करार रोजगारदाताले करार नवीकरण गर्न अस्विकार गरेमा करारको अवधि समाप्त भई, रोजगारी समाप्त हुन्छ । यसलाई "रोजगारी करार समाप्ति" भनिन्छ । यद्यपि, कामदार सुरक्षा शर्त भएको निश्चित केसहरूमा रोजगारी करार समाप्ति अमान्य हुन्छ ।

यदि कुनै कामदारको निश्चित अवधिको करार बारम्बार नवीकरण हुँदै, कुनै निश्चित अवधि बिना मूलभूत रूपमा निश्चित समयावधि नभएको अनिश्चितकालीन रोजगारी करार सरहको शर्तहरुमा काम गरिरहेको, वा निश्चित अवधिको रोजगारी करारको म्याद समाप्त भएपछि निरन्तर रोजगारीको अपेक्षा गर्न उचित कारण भएका कामदारको रोजगारी करार समाप्ति अमान्य हुन्छ । यस्तो अवस्थमा रोजगारदाताले रोजगारी करार समाप्ति गर्नुको तर्कपूर्ण कारण अभाव भएमा र व्यवहारिक विचार अनुसार अनुपयुक्त भएमा निश्चित अवधिको रोजगारी करार नवीकरण (सहिछाप) गर्ने विचार गरिनेछ ।

साथै, यदि तपाईं रोजगारी करार समाप्तिलाई अमान्य ठहर गरी रोजगारी जारी राख्न चाहनुहुन्छ भने, तपाईंले निश्चित अवधिको रोजगारी करार नवीकरणका लागि आवेदन दिन आवश्यक हुन्छ ।

थप जानकारीको लागि कृपया श्रम विभागको सामान्य श्रम परामर्श केन्द्र वा वकील आदि जस्ता विशेषज्ञसँग परामर्श लिनुहोला ।

## मैले काम गर्ने कम्पनीमा COVID-19 प्रकोपको प्रभावका कारणले वित्तीय कठिनाईहरू भइरहेको छ । एक दिन उहाँहरूले मलाई अचानक भन्नुभयो कि, "तपाईं आजबाट आउनुपर्दैन ।" यो अचानक भएको थियो र मैले के गर्ने भन्नेबारे थाहै भएन ।

बर्खास्त गर्न कानूनद्वारा व्यक्तिगत रूपमा प्रतिबन्ध लगाइएको कारण बाहेक, न्यायिक उदाहरण र श्रम सम्झौता ऐनका प्रावधान अनुसार देहायका नियम बमोजिम उपयुक्त उपायहरू अपनाउन आवश्यक हुन्छ । COVID-19 प्रकोपबाट प्रभावित भएका केसहरूमा कुनै अपवाद हुँदैन ।

यी चार बुँदाहरूमा आधारित भएर गरेको जागिर निकाला (व्यवस्थापनको कारणहरूले गर्दा अतिरिक्त कर्मचारी घटाउनको लागि गरेको बर्खास्त) मान्य हुन्छ । 1) कर्मचारी घटाउनु पर्ने आवश्यकता, 2) बर्खास्त

रोक्ने प्रयासहरू क्षीण हुनु, 3) बर्खास्त हुने कर्मचारी चयनको मापदण्ड औचित्यपूर्ण र 4) बर्खास्त प्रकियाको (व्याख्या, बैठक आदि) उपयुक्तता ।

माथि उल्लेखित चार बुँदाहरू निश्चित रोजगार अवधि (निश्चित अवधिको रोजगारी करार) भएका कामदारहरूको हकमा पनि लागू हुनेछ । निश्चित अवधिको रोजगारी करार सम्बन्धी श्रम करार ऐनमा अपरिहार्य कारण नभएसम्म "निश्चित रोजगार अवधि (निश्चित अवधिको श्रम करारहरू) को हकमा करार अवधि समाप्त नभएसम्म रोजगारदाताले कर्मचारीलाई बर्खास्त गर्न मिल्दैन" र बर्खास्तका लागि निश्चित रोजगार अवधि (अनिश्चितकालीन श्रम करार) नभएका श्रम करारहरूको तुलनामा थप कडाइका साथ निर्धारण गरिनुपर्छ भनी उल्लेखित गरिएको छ ।

बिना कुनै शर्तमा श्रम करार समाप्ति (रोजगारदाताले निश्चित अवधिको श्रम करार नवीकरण अस्वीकार) गर्न अनुमति प्रदान गरिएको छैन । उदाहरणका लागि रोजगारदातालाई हालसम्म बारम्बार निश्चित अवधिको श्रम करार नवीकरण हुँदै आएको कामदारको नवीकरण आवेदनलाई अस्वीकार गर्ने अनुमति प्रदान गरिएको छैन र व्यवहारिक विचार अनुसार यो समयमा नवीकरण नगर्नु भनेको अनिश्चितकालीन रोजगारी करार भएकालाई बर्खास्त गर्नु तुल्य हुन्छ ।

थप जानकारीको लागि कृपया श्रम विभागको सामान्य श्रम परामर्श केन्द्र वा वकील आदि जस्ता विशेषज्ञसँग परामर्श लिनुहोला ।

## मैले रेस्टुरेन्टमा शेफको रूपमा काम गरिरहेको थिएँ । कोरोना भाइरसको प्रभावले रेस्टुरेन्टको व्यापार दिगो नरहेको कारण मलाई निकालिएको थियो । म नयाँ जागिर खोजिरहेको छु तर एउटा काम पनि फेला पार्न सकेको छैन । मैले के गर्नुपर्छ ?

कामदारहरू विदेशी नागरिकहरू (भिसा (निवास /बसाई स्टेट्स) लाई ध्यानमा नराखी) भएपनि अनौपचारिक हिसाबले कामबाट निकाल्नु स्वीकार्य हुँदैन । वैदेशिक कर्मचारीहरू बरखास्त गर्नको लागि पनि जापानी कर्मचारीहरूको जस्तो समान कडा शर्तहरू पालना गर्नुपर्छ । यदि वैदेशिक कर्मचारीहरूलाई मात्र बर्खास्त गरिन्छ भने, रेस्टुरेन्टमा खासै काम नहुँदा, उनीहरूले वकीलसँग परामर्श गरेर बर्खास्त रद्द गर्न र बिदा भत्ताको भुक्तानी माग गर्न सकिन्छ ।

अर्को तर्फ, यदि रेस्टुरेन्टको व्यवसाय लगभग शुन्य भयो र जापानी कर्मचारीलाई पनि बर्खास्त गरिएको छ भने अर्को जागिर खोज्न बाहेक अन्य कुनै विकल्प हुँदैन । यद्यपि, COVID-19 को प्रभावका कारण तपाईंको निवास स्टेट्स (यस अवस्थामा, "सीपयुक्त श्रम" शेफ) भिसाको शर्तहरूसँग मिल्दो नयाँ जागिर फेला पार्न कठिन हुन सक्छ ।

COVID-19 प्रकोपको प्रभावको कारणले कामबाट निकालिएका विदेशी नागरिकहरूको निरन्तर रोजगारीमा सहायता गर्नका लागि निवास स्टेट्स (भिसा) मा विशेष उपायहरू ल्याएको छ । विशेष औद्योगिक क्षेत्रमा जागिर फेला पारी सकेपछि रोजगार करार सहिछाप भएको जस्ता निश्चित आवश्यकताहरू पूरा भएमा, "निर्दिष्ट क्रियाकलाप (सम्भावित रोजगारी)" भिसा अधिकतम एक वर्षसम्मको लागि स्वीकृत हुनेछ । साथै, जागिर फेला पार्न कठिनाई भएमा तपाईंले संघीय सहायोग मार्फत काम खोजिदिने व्यक्ति (भर्तिकर्ता) सँग सम्पर्क गरी सहायता लिन सक्नुहुन्छ । कृपया क्षेत्रीय अध्यागमन विभागमा परामर्श गर्नुहोला ।

**म जापानी भाषा विद्यालयमा भर्ना भएको अन्तर्राष्ट्रिय विद्यार्थी हुँ । मैले जापानी भाषा विद्यालयबाट ग्रेजुएट गरिसकेपछि जापानमा जागिर खाने योजना बनाएको थिएँ तर कोरोना भाइरसको कारण कम्पनीको वित्तीय अवस्था खराब भएकाले मलाई गरिएको जागिरको प्रस्ताव रद्द गरियो । म मेरो अन्तर्राष्ट्रिय विद्यार्थी भिसा अवधि समाप्त हुने अवस्थामा पुगेपछि, के आफ्नो राष्ट्रमा फर्कनु नै मेरो एक मात्र विकल्प हुनेछ ?**

तपाईंको भिसा (निवास स्टेट्स)को म्याद समाप्त हुनुभन्दा अगाडि नै तपाईंले भिसा परिवर्तन गर्न सहायता गर्ने रोजगारी फेला पार्नु आवश्यक हुनेछ ।

अध्यागम सेवा एजेन्सीले COVID-19 प्रकोपको प्रभावहरूका कारणले गर्दा जापानमा रोजगरी खतरामा परेका विदेशी नागरिकहरूलाई सहायता गर्न विशेष उपायहरू ल्याएको छ । रोजगारीका प्रस्तावहरू रद्द भएका अन्तर्राष्ट्रिय विद्यार्थीहरूले विशेष औद्योगिक क्षेत्रमा जागिर फेला पारी सकेपछि रोजगार करारमा सहिछाप भएको जस्ता निश्चित आवश्यकताहरू पूरा भएमा, "निर्दिष्ट क्रियाकलाप (सम्भावित रोजगारी)" भिसा स्वीकृत हुनेछ ।

हामी काम फेला पार्न कठिनाई भइरहेका व्यक्तिहरूलाई भर्तीकर्ताहरू मार्फत कर्मचारीहरूसँग सम्पर्क गराउने सहयोग पनि गर्दछौं । कृपया सकेसम्म छिटो क्षेत्रीय अध्यागम विभागमा सम्पर्क गरी भिसा परिवर्तन गर्ने बारेमा परामर्श गर्नुहोला ।

निर्दिष्ट सीप भएका कामदारको रूपमा वर्गिकरण गरिएको काम गर्न चाहनुहुन्छ भने, कृपया निम्न सेवा पनि प्रयोग गर्नुहोला ।

<निर्दिष्ट सीप भएका कामदारको पोर्टल साइट>

http://www.ssw.go.jp

＊ निर्दिष्ट सीप भएका कामदारको रूपमा काम गर्न चाहने विदेशी नागरिक वा निर्दिष्ट सीप भएका कामदारको रूपमा विदेशी नागरिकहरूलाई नियुक्त गर्न चाहने कम्पनीहरूका लागि निर्दिष्ट सीप भएका कामदार प्रणालीको समग्र जानकारी सेशनहरू छन् । साथै, विदेशी नागरिकहरू र कम्पनीहरू बीच प्रत्यक्ष (वा अनलाइन) परामर्शहरू उपलब्ध गराइन्छ ।

<निर्दिष्ट सीप भएका कामदारको सामान्य सहायता कल सेन्टर>

फोन नम्बर: 03-6633-2539 (विदेशी नागरिकहरूलाई), 03-6625-4702 (कम्पनीहरूलाई)
समय: मङ्गलबारदेखि शनिबार (＊सार्वजनिक बिदाहरूमा बन्द हुने), बिहान 11 बजेदेखि साँझ 7 बेजसम्म
समर्थित भाषाहरू: जापानी, भियतनामी, चिनियाँ, अङ्ग्रेजी, तागालग, थाइ, नेपाली, इन्डोनेसियन, बर्मेली, बेङ्गाली, सिन्हाला, कम्बोडियन, मंगोलियन
＊आवेदन प्रक्रियाहरू, फारम भर्न, परीक्षण दिने तरिका आदिको बारे जाँचबुझ गर्न सकिन्छ ।

**म जापानी विश्वविद्यालयमा अध्ययनरत अन्तर्राष्ट्रिय विद्यार्थी हुँ । मैले जापानमा जागिर खाने योजना बनाइरहेको थिएँ तर कोरोना भाइरसको कारणले गर्दा कम्पनीको वित्तीय अवस्था खराब भइरहेकोले मलाई  जागिरको प्रस्ताव रद्द गरियो । मेरो अन्तर्राष्ट्रिय विद्यार्थी भिसा रूपमा रहेको मेरो भिसा अवधि छिट्टै अन्त्य हुनेछ । के आफ्नो राष्ट्रमा फर्कनु नै मेरो एकमात्र विकल्प हुनेछ ?**

आफ्नो भिसा (निवास स्टेट्स) लाई “विद्यार्थी” बाट “निर्दिष्ट क्रियाकलाप” भिसामा परिवर्तन गर्न सकिन्छ ।
स्नातक गरेका वा जापानी विश्वविद्यालय पूरा गरेका (विश्वविद्यालय, ग्रेजुएट स्कूल, प्राविधिक कलेज वा

व्यावसायिक विद्यालयबाट ग्रेजुएट गरेकामा सिमित) र आवश्यक शर्तहरू पूरा गरेका अन्तर्राष्ट्रिय विद्यार्थीहरूका लागि रोजगारी खोजी सहज बनाउन ग्रेजुएसन पछि एक वर्षदिन अवधिको लागि रोजगारी खोजी गर्न "निर्दिष्ट क्रियाकलाप" भिसा मान्य गरिएको छ । COVID-19 प्रकोपको कारण एक वर्षदिनको "निर्दिष्ट क्रियाकलाप" भिसा अवधि भन्दा बढी समय लगाएर रोजगारी खोजी जारी राख्न चाहनेले भने आफ्नो भिसा अवधि नवीकरण गर्न सकिन्छ । कृपया आवश्यक शर्तहरू तथा आवश्यक कागजातहरू सम्बन्धी बुझ्नको लागि क्षेत्रीय अध्यागमन ब्यूरोमा सकेसम्म छिटो सम्पर्क गर्नुहोला ।

साथै, आफूलाई कामको प्रस्ताव आएको कारणले पहिले नै "निर्दिष्ट क्रियाकलाप" को भिसामा परिवर्तन गरिसकेको छ भने, सोही "निर्दिष्ट क्रियाकलाप" भिसा हुनेछ तर उपश्रेणीमा "कामको प्रस्ताव प्रतिक्षारत" बाट "रोजगारी खोजी" परिवर्तन गर्न आवश्यक हुनेछ । निश्चित आवश्यकताहरू पूरा भएमा आफ्नो भिसाको कार्य दयारा भन्दा बाहिरी क्रियाकलापहरू (पार्टटाइम काम) गर्न अनुमति प्राप्त गरी हप्तामा 28 घण्टासम्म त्यस्तो क्रियाकलाप अन्तर्गतका काम गर्न सकिन्छ । कृपया यस प्रकियासँग सम्बन्धित जानकारीको लागि क्षेत्रिय अध्यागम ब्यूरोबाट परामर्श लिनुहोला ।

## मैले प्राविधिक तालिम प्रशिक्षण पूरा गरेको छु, तर COVID-19 प्रकोपको प्रभावका कारण म आफ्नो राष्ट्रमा फर्कन सकेन । मैले केही समयभित्र आय आर्जन गर्न सकिन भने म आफ्नो राष्ट्रमा फर्कन सक्दिन, म जापानमा जीविकोपार्जन गर्न सक्षम हुँदैन कि भनी डराएको छु ।

आफ्नो प्राविधिक तालिम प्रशिक्षण पूरा गरेका तर COVID-19 प्रकोपको प्रभावहरूका कारण घर फर्किन कठिनाई भइरहेकाहरूका लागि निर्दिष्ट औद्योगिक क्षेत्रमा काम फेला पारेपछि रोजगारी करार सहिछाप भएको जस्ता विशेष आवश्यकताहरू पूरा गरेको अवस्थामा अध्यागमन सेवा एजेन्सीले अधिकतम एक वर्षको लागि "निर्दिष्ट क्रियाकलाप (सम्भावित रोजगारी)" भिसामा परिवर्तन गर्न स्वीकृत गर्छ ।

साथै, रोजगारी फेला पार्न कठिनाई हुन्छ भने, राष्ट्रिय सहायोग मार्फत भर्तीकर्तासँग सम्पर्क गरेर सहयोग प्राप्त गर्न सक्नुहुन्छ । कृपया यस सम्बन्धी क्षेत्रिय अध्यागम ब्यूरोबाट पनि परामर्श लिनुहोला ।

यदि आफ्नो भिसा प्राविधिक तालिम प्रशिक्षण भिसाबाट निर्दिष्ट सीप भएका कामदार भिसामा परिवर्तन गर्न चाहनुहुन्छ भने, कृपया 'निर्दिष्ट सीप भएका कामदारहरू'को पोर्टल साइट हेर्नुहोला वा माथिको पृष्ठ न. 4 मा उल्लेखित नम्बरमा कल गर्नुहोला ।

## म एक व्यवसाय मालिक हुँ । COVID-19 प्रकोपको प्रभावका कारण व्यवसाय न्यूनीकरण आवश्यक भएर व्यावसाय कार्यसम्पादन बिग्रिएको छ । यस सम्बन्धि सहयोग प्रणाली उपलब्ध छ जस्तो लाग्छ । यो कस्तो प्रकारको प्रणाली हो ?

आर्थिक कारणहरूले गर्दा आफ्ना व्यावसायिक गतिविधिहरू घटाउन बाध्य भएका व्यावसाय मालिकहरूलाई सहयोग गर्ने रोजगारी समायोजन सहायता प्रणाली उपलब्ध गरिएको छ ।

कामदारलाई अस्थायी रूपमा बिदा बस्न, प्रशिक्षण लिन वा अन्य विभागमा काम गर्न लगाएको भएमा त्यसको बिदा भत्ता, पारिश्रमिक आदिमा आंशिक आर्थिक सहायता/अनुदान दिइनेछ । COVID-19 प्रकोपको प्रभावहरूका प्रतिक्रिया स्वरूप यी भुक्तानी शर्तहरू सहज बनाउन विशेष उपायहरू ल्याएको छ । थप नयाँ जानकारीको लागि कृपया स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट हेर्नुहोला वा रोजगारी समायोजन अनुदान, बिदा तथा विद्यालय कोष अनुदानको लागि कल सेन्टरहरुमा, हेलो वर्क (रोजगार सेवा केन्द्र) र श्रेत्रीय श्रम विभागमा फोन गरेर सोधपूछ गर्नुहोला ।

<विद्यालय बिदा/कोष अनुदान तथा रोजगारी समायोजन अनुदानसँग सम्बन्धित कल सेन्टर> ＊ जापानी भाषामा मात्र उपलब्ध छ
फोन नम्बर: 0120-60-3999
खुल्ने समय: बिहान 9 बजेदेखि राति 9 बजेसम्म (शनिबार, आइतबार र बिदाका दिनहरू समेत)

साथै, यदि मासिक बिक्रीहरू गत वर्षको सोही महिनाको तुलनामा 50% वा सोभन्दा बढी घटेको छ भने तपाईंले "दिगो लाभ योजना" प्रयोग गर्न सकिन्छ । कर्पोरेशनहरूलाई 2 मिलियन येन र एकल स्वामित्वकर्तालाई 1 मिलियन येन भुक्तानी गरिनेछ । दिगो लाभ योजनाका लागि कृपया सम्बन्धित पोर्टल साइट हेर्नुहोला वा दिगो लाभदायक व्यवसायको लागि तलको नम्बरमा फोन गर्नुहोला ।

<दिगो लाभदायक व्यवसाय कल सेन्टर> ＊ जापानी भाषामा मात्र उपलब्ध छ

- अगस्ट 31को दिनबाट आवेदन दिनेहरुका लागि: फोन नम्बर 0120-115-570 (IP फोनबाट 03-6831-0613)
- सेप्टेम्बर 1को दिनबाट सुरु हुने नयाँ आवेदन दिनेहरूका लागि: फोन नम्बर 0120-279-292 (IP फोनबाट 03-6832-6631)

खुल्ने समय: सोमबारदेखि शुक्रबारसम्म, आइतबार (＊सार्वजनिक बिदाहरूमा बन्द हुन्छ) बिहान 8:30 बजेदेखि साँझ 7 बजेसम्म

## म एक व्यवसाय मालिक हुँ । दीर्घकालीन COVID-19 प्रकोपको कारणले मेरो दिगो लाभ योजना पनि सकिसकेको छ । के अर्को सहायता प्रणाली छ ?

बहाल सहायता लाभ योजना उपलब्ध हुन सक्छ ।
बहाल सहायता लाभ योजनाले व्यवसाय संचालनको लागि व्यवसाय सञ्चालकले लिजमा लिएको भूमि र भवनहरूको बहाल भुक्तानीको बोझ कम गर्छ ।
1 बिलियन येन भन्दा कमको पुँजी भएका मझौला उद्योगहरू, साना तथा मझौला उद्योगहरू, लघु उद्दम व्यवसायहरू र फ्रिल्यान्सर सहितका व्यक्तिगत व्यवसायहरूलाई भुक्तानी (अनुदान) गर्ने अभिप्राय छ । मे देखि डिसेम्बर , 2020 को भित्रको अवधिमा कुनै एक महिनाको बिक्री पछिल्लो वर्षको सोही महिनाको तुलनामा 50% भन्दा कम भएको वा लगातार तीन महिनासम्मको कुल बिक्री पछिल्लो वर्षको सोही समयको तुलनामा 30% ले घटेमा भुक्तानी दिइनेछ ।
लाभ योजनाको रकम आवेदन दिएको मितिको ठिक अघिल्लो एक महिनामा भुक्तानी गरेको बहाल रकममा आधारित भई गणना गरिनेछ ।
आवेदन अवधि जुलाई 14, 2020 देखि जनवरी 15, 2021 सम्म हो ।
थप जानकारीको लागि कृपया अर्थ, व्यापार तथा उद्योग मन्त्रालयको वेबसाइट हेर्नुहोला वा सम्बन्धित फोन नम्बरमा कल गर्नुहोला ।

<बहाल सहायता लाभ योजनाको कल सेन्टर> ＊ जापानी भाषामा मात्र उपलब्ध छ
फोन नम्बर: 0120-653-930
खुल्ने समय: बिहान 8:30 बजेदेखि साँझ 7 बजेसम्म (शनिबार, आइतबार र बिदाहरू समेत)

# Houterasu जानकारी सेवाहरू तथा नागरिक कानूनी सहायता

## मैले Houterasu को बहुभाषीय जानकारी सेवालाई फोन गरेर कस्ता प्रकारका सेवाहरू प्राप्त गर्न सक्छु ?

जापानी कानूनी प्रणाली वा परामर्श सेवा सम्बन्धी जानकारी आफ्नो मातृभाषामा प्राप्त गर्न ईच्छुक विदेशी भाषा बोल्ने प्रयोगकर्ताहरूले यी सेवाहरू प्रयोग गर्न सक्नुहुन्छ ।
यो प्रयोगकर्ता, दोभाषे र Houterasu कर्मचारी सदस्यबीच तीन तर्फी संचालित कल मार्फत गरिन्छ । तीन तर्फी कलमा प्रयोगकर्ताले बहुभाषीय जानकारी सेवाको फोन नम्बर (0570-078377) मा कल गर्यो भने दोभाषेले प्रयोगकर्ताले रुचाएको स्थानीय कार्यालय वा शाखामा कल स्थानान्तर गरिन्छ । यसरी प्रयोगकर्ता र Houterasu कर्मचारी सदस्यबीच दोभाषेको मार्फत तीन तर्फी कल गरिन्छ ।
यदि तपाईं मुद्दा मामिलाहरू समाधान गर्ने विशेष विधिहरू जान्न चाहनुहुन्छ भने विशेषज्ञबाट कानूनी सल्लाह लिन आवश्यक पर्छ । हामी बहुभाषीय जानकारी सेवामा तपाईंलाई Houterasu को निःशुल्क कानूनी परामर्श सेवा सहित मुद्दा मामिलाहरू समाधान गर्न मद्दत गर्ने सम्बन्धित बुँदाहरूको बारेमा बताउनेछौं ।

## के कसैले पनि Houterasu बाट निःशुल्क कानूनी परामर्श प्राप्त गर्न सकिन्छ ?

Houterasu ले निजी तथा घरेलु मामिलाहरूमा समस्याहरू भएका तर पैसाको अभावले गर्दा वकिलहरू र लेखनदासहरूद्धारा (कानूनी सहायता/कानूनी परामर्शको सहायता) कानूनी सहायता प्राप्त गर्न नसक्ने व्यक्तिहरूलाई निःशुल्क कानूनी परामर्श उपलब्ध गराउँदछ । यो प्रणाली प्रयोग गर्नको लागि देहाय बमोजिमका आवश्यक शर्तहरू पूरा हुनुपर्छ ।

- आम्दानी र सम्पत्तिहरू निश्चित रकम भन्दा तल हुनु
- जापानमा ठेगाना भएको र कानूनी रूपमा बस्दै आएका (यद्यपि, तपाईं निवास स्थिति (भिसा) समस्यापूर्ण भई, भिसा सम्बन्धी काम हेर्ने प्रशासकीय निकाय विरूद्ध कानूनी मुद्दा दायर गराएर अदालतमा आफ्नो भिसा पुष्टि गराउन सकिन्छ भने अपवादको रूपमा भिसा नभए तापनि आवश्यक शर्त पूरा भएको ठहर हुनेछ ।)

Houterasu कार्यालयको अतिरिक्त नागरिक कानूनी सहायता तथा परामर्श गरिने दर्ता गरिएका परामर्श केन्द्रहरू जस्तै बार, संघहरू र लेखनदास संघहरूबाट कानूनी सहायता र परामर्श लिन सकिन्छ ।
थप जानकारीका लागि कृपया बहुभाषीय जानकारी सेवा (0570-078377) मा कल गर्नुहोला । दोभाषेले तपाईंलाई तपाईंको स्थानीय Houterasu कार्यालयसँग सम्पर्क गराउनेछ र तीन तर्फी कल (प्रयोगकर्ता, दोभाषे, Houterasu कर्मचारी सदस्यहरू) मार्फत तपाईंसँग काम गरिनेछ ।
यदि तपाईंले नागरिक कानूनी सहायताका लागि आवश्यक शर्तहरू पूरा गर्न सक्नुहुन्न भने, हामी तपाईंलाई बार संघहरू, लेखनदास संघहरू र नगरपालिकाहरू जस्ता कानूनी सल्लाह सुझाव उपलब्ध गराउने परामर्श केन्द्रहरूमा सम्पर्क गराइदिनेछौं । परामर्श केन्द्र अनुसार कानूनी परामर्श शुल्क लाग्न सक्छ ।

# <कानूनी परामर्श सहायताका शर्तहरू>

दुवै मापदण्ड A र मापदण्ड B पूरा हुनुपर्छ।

## मापदण्ड A

**आम्दानी आदि निश्चित रकम भन्दा कम हुनु**

श्रीमान र श्रीमती बीचको विवादको अवस्थामा बाहेक मूलतः पति/पत्नीको आम्दानी र सम्पतिहरूको आधारमा सहायता निर्धारण गरिनेछ।
मासिक आम्दानीको लागि निर्देशनहरू (बोनसहरू सहित 1/12 को घरमा लगिने वार्षिक आम्दानी) निम्नानुसार हुनु।

| एकल व्यक्ति | दुईजनाको परिवार | तीनजनाको परिवार | चार जनाको परिवार |
|---|---|---|---|
| 182,000 येन वा सोभन्दा कम<br>( 200,200 येन वा सोभन्दा कम ) | 251,000 येन वा सोभन्दा कम<br>( 276,100 येन वा सोभन्दा कम ) | 272,000 येन वा सोभन्दा कम<br>( 299,200 येन वा सोभन्दा कम ) | 299,000 येन वा सोभन्दा कम<br>( 328,900 येन वा सोभन्दा कम ) |

*कोष्ठकहरूमा भएका नम्बरहरू भनेको टोकियो र ओसाका जस्ता ठूला सहरहरूका लागि मानक रकम हुन्।
*पाँचजना वा सोभन्दा बढी परिवारको हकमा प्रत्येक थप सदस्यको लागि 30,000 येन (33,000 येन) थपिनेछ।
*यदि चिकित्सा खर्च र शैक्षिक खर्चहरू जस्ता खर्चहरू छन् भने सोही अनुरुपको रकम कटौती गरिनेछ।
*यदि तपाईं बहाल वा धितो ऋण भुक्तानी गर्दै हुनुहुन्छ भने माथिको आय मानकमा निम्न सीमा दायरा भित्रको लागि पूरै रकम गणना गरिनेछ। कोष्ठकहरूमा भएका रकम टोकियोको विशेष वार्डका निवासीहरूका लागि थपिएका रकम सीमा हुन्।

| एकल व्यक्ति | दुईजनाको परिवार | तीनजनाको परिवार | चारजना वा सोभन्दा बढीको परिवार |
|---|---|---|---|
| 41,000 येन<br>( 53,000 येन ) | 53,000 येन<br>( 68,000 येन ) | 66,000 येन<br>( 85,000 येन ) | 71,000 येन<br>( 92,000 येन ) |

## मापदण्ड B

**स्वामित्वमा रहेका सम्पत्तिहरू निश्चित रकम भन्दा कम हुनु**

नगद र बचतहरूको कुल रकमले निम्न मापदण्डसँग मेल खानुपर्छ।

| एकल व्यक्ति | दुईजनाको परिवार | तीनजनाको परिवार | चारजना वा सोभन्दा बढीको परिवार |
|---|---|---|---|
| 1.8 मिलियन येन वा सोभन्दा कम | 2.5 मिलियन येन वा सोभन्दा कम | 2.7 मिलियन येन वा सोभन्दा कम | 3 मिलियन येन वा सोभन्दा कम |

## म मेरो समस्या पुन:समाधान गर्नको लागि वकील/लेखनदास राख्न चाहन्छु। त्यसको लागि के कस्ता प्रकारका शुल्कहरू लाग्नेछ र कति जति पर्नेछ ?

सामान्यतया, वकीलहरू वा लेखनदासहरूलाई भुक्तानी गर्नुपर्ने खर्चका प्रकारहरूमा कानूनी सल्लाह सुझाव शुल्क, स्टार्ट-अप शुल्क, पारिश्रमिक, ह्यान्डलिङ शुल्क, वास्तविक खर्च, दैनिक पारिश्रमिक र परामर्श शुल्कहरू पर्दछ ।

त्यस्ता लागत खर्चको कुनै मानक मूल्य हुँदैन । त्यसैले हरेक वकिल वा लेखनदासहरूले व्यक्तिगत रूपमै त्यी मानक मूल्य निर्धारण गरिन्छ ।

साथै, Houterasu ले नागरिक कानूनी सहायता प्रणालीद्वारा निजी तथा घरेलु मामिलाका समस्याहरू भएका तर पैसाको अभावले गर्दा वकीलहरू तथा लेखनदासहरूबाट कानूनी सहायता लिन नसक्ने व्यक्तिहरूलाई नि:शुल्क कानूनी सल्लाह उपलब्ध गराउँदछ र वकिलहरू, लेखनदासहरू र सुनुवाईहरूका लागत अग्रीम रूपमा भुक्तानी गरिदिन्छ जुन केहीसमय पछि आफूले भुक्तानी गनुपर्दछ ।

नागरिक कानूनी सहायता प्रणाली प्रयोग गर्नका लागि आम्दानी र सम्पत्ति निश्चित रकम दयाराभित्र हुनुपर्ने शर्त पूरा हुने, मुद्दा जित्ने सम्भावना हुने र मुद्दा नागरिक कानूनी सहायताको लागि उपयुक्त हुने खाले हुनुपर्दछ । यदि तपाईंले वकील/लेखनदास शुल्क प्रतिपूर्ति प्रणाली प्रयोग गर्नुहुन्छ भने, लागत शुल्कहरू Houterasu को मानकमा आधारित भएर निर्धारण गरिन्छ । निर्धारित शुल्कहरू Houterasu द्वारा वकील तथा लेखनदासलाई अग्रिम रूपमा एकमुस्ट भुक्तानी गरिनेछ । र एकमुस्ट भुक्तान गरिन्छ। सामान्य नियम अनुसार प्रयोगकर्ताहरूले Houterasu लाई किस्ताबन्दीमा पूरा रकम पछि भुक्तानी गर्नुपर्नेछ ।

प्रतिपूर्ति प्रणाली सम्बन्धित सोध्पुछका लागि कृपया बहुभाषीय जानकारी सेवा (0570-078377) मा फोन गर्नुहोला । Houterasu का कर्मचारीले दोभाषे मार्फत यस प्रणाली बारे व्याख्या गरिनेछ ।

日本司法支援センター
法テラス